# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

## जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!

मिति २०७९/१२/२३

यस मालारानी गाउँपालिकाको आ.व.२०७९/८० को संघिय सशर्त अनुदान तर्फ राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएका संस्था तथा सहकारीहरुले तपशिल बमोजिम आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन मिति २०८०/०१/०८ गते कार्यालय समय भित्र यस मालारानी गाउँपालिकाको कार्यालयमा अनुसूचि-२ बमोजिमको प्रस्तावना सहित आवेदन दर्ता गराउनुहुन सम्बन्धीत सबैमा जानाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी तथा म्याद नाघि आएका निवेदन उपर कुनै कारवाहि नहुने व्यहोरा अनुरोध छ ।

<u>निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

१. कार्यालयले उपलब्ध गराएको अनुसुची-२ बमोजिमको निवेदन ढाँचा साथै कार्ययोजना सहितको प्रस्ताव ।

२. संस्थाको विधान, परिचय, उद्येश्य, कार्यसञ्चालन प्रकृया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,

३. प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,

४. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

५. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

६. अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन,

७. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश,अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारिको स्रोत सहितको यथार्थ विवरण,

८. कालोसूचिमापरेको र प्रचलित कानुनबमोजिम अयोग्य नरहेको स्व:घोषणा ।

९. प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

<u>संस्थाले लक्षित समुदायका महिला छनौट गर्दा लिनुपर्ने आधारहरु:</u>

संस्थाले सीप विकास तालिम कार्यक्रममा एउटा परिवारबाट एक भन्दा बढी महिला नपर्ने गरी देहायबमोजिमका आधारमा लक्षित समुदायका महिला सहभागी छनौट गरी प्रस्ताव पेश गर्नुपर्नेछ:

१. विपन्न महिला,

सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत

२. कोभिड-१९ प्रभावित महिला,

३. एकल महिला,

४. हिंसा पीडित महिला,

५. परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारका महिला।

<u>जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्रहरुः</u>

यस कार्यक्रमबाट मूलतः देहायबमाजिमको कृषि तथा पशुपालन,पर्यटन र गैरकृषि क्षेत्रमा केन्द्रित भई स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना र सञ्चालन गर्न खर्च अनुदान (टेवा पूँजी वा बीउ पूँजी) सहयोग उपलब्ध गराई रोजगार तथा स्वरोजगार सिर्जना गर्ने कार्यमा सहयोग गरिनेछः

१. कृषि तथा पशुपालन क्षेत्रः सहकारीखेती, सामूहिकखेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरु,

२. पर्यटन क्षेत्रः होमस्टे, होटल, रेष्टुरेन्ट, ट्रेकिङ, टुर गाइड स्थानीय स्रोत साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरु,

३. गैह्रकृषि क्षेत्रः वनपैदावार,लोकता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन,ढाका बुनाइ, इम्ब्रोइडरी, होजियारी, बेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बिङ, ब्यूटीपार्लर, क्रिस्टल, सैलुन, इलेक्टिसियन लगायतका व्यवसाय कार्यहरु।

पुनश्चः कार्यक्रम सञ्चालनको लागि संस्था छनौट गर्दा विगतको व्यावसायिक कामको अनुभवका साथै भौगोलिक विकटता एवं विपन्न र कोभिड-१९ प्रभाव प्रभावित महिलालाई समेटिएको प्रस्तावलाई प्राथमिकता दिईने छ।

"जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड, २०७७" साथै अनुसूची-२ बमोजिमको ढाँचा मालारानी गाउँपालिकाको website:www.malaranimun.gov.np मा उपलब्ध छ।

०७७/१२/२२

सुरेश भुसाल

प्रमुख प्रशासकीय अधिकृत